प्रदेश सरकार
प्रदेश नं. २, नेपाल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय रौतहट

फोन नं. ०५५-५४०२१०

पत्र संख्याः-
चलानी नं.:-

- मिति २०७८/२/४ गते करिब ५:०० बजेको समयमा जंगलसहिया सब. डि.व.का.का वन कर्मचारीहरु तथा जंगलसहिया साझेदारी वन व्यवस्थापन समुहका वन हेरालुहरु समेतको संयुक्त गस्ती टोलीले गस्ती गर्दै जाँदा जिल्ला रौतहट गुजरा न.पा. वडा नं. ३ स्थित पुर्व : गुजरा खोल्सी, पश्चिम : वनक्षेत्र, उत्तर : वनक्षेत्र र दक्षिण : बागमती सिंचाई नहर जाने बाटो यति चारकिल्ला भित्र साझेदारी वनक्षेत्रमा काठ तस्करहरुले साल जातको रुख काटी ढाली टुन टुक्रा पारी गोलिया काठ साईकलमा लोड गर्न लागेको अबस्थामा वन गस्ती टोलीले घेराहाली पक्राउ गर्न खोज्दा काठ तस्करहरु भागी फरार भएको र उक्त घटनास्थलबाट साल जातको गोलिया थान ३ को १२.४२ क्यू.फिट काठ र साईकल थान ५ बरामद गरिएको व्यहोराको बरामदी मुचुल्का पाना थान-२ यसै साथ संलग्न राखी घटनाघटाउने तस्करहरुको खोज तलास जारी राख्दै आवश्यक कारवाहीको लागी यो प्रतिवेदन पेश गरेको व्यहोरा अनुरोध छ भनी अधिकृत श्री रामदेव चौधरी समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जांचबुझ तथा अनुसन्धान कार्यको लागी सोही अधिकृतलाई नै खटाईएको ।
- मिति २०७८/२/९ गते विहान ६:१५ बजेको समयमा केही काठ तस्करहरुले वनजंगल भित्र तस्करी गर्न लागेको छ भनी पाएको गोप्य सूचना अनुसार पुर्व : अन्जुमन सामुदायिक वन र नहर, पश्चिम : बलुवा लिख, उत्तर : बागमती सिचाई नहर र दक्षिण : अन्जुमन सामुदायिक वन यति चार किल्ला भित्र जंगलसहिया साझेदारी वनक्षेत्रमा ५/६ जना काठ चोर तस्करहरुले २ वटा सालको गोलिया बनाई साईकलमा लोड गरी ल्याई रहेको अबस्थामा काठ र साईकल सहित गुजरा न.पा. वडा नं. ३ बस्ने ईजहार जवानको नाति शैयाज देवानको छोरा वर्ष १८ को सदरे आलम पक्राउ परी अरु काठ तस्करहरु भागी फरार भएको हुंदा आवश्यक कारवाहीको लागी वरामद भएको साल जातको गोलिया थान २ को १०.७९ क्यू.फिट काठ र साईकल थान-२ चोचा सब डि.व.का.मा सुरक्षित राखी आवश्यक कारवाहीको लागी यो प्रतिवेदन पेश गरेको छौ भनी अधिकृत श्री राजेश कुमार साह समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी सोही अधिकृतलाई नै खटाईएको ।
- गैडाटार सब डिभिजन वन कार्यालयका वन कर्मचारीहरुले दैनिक टुरगस्ती गर्ने क्रममा मिति २०७८/२/१० गते बेलुका ८:३० बजेको समयमा पुर्व : नम्वरी आवादी, पश्चिम : सत्यनारायण भगतको घर, उत्तर : मिलन चौक र दक्षिण : देउराली चौक यति चार किल्ला भित्र चन्द्रपुर न.पा. ४ स्थित पिच बाटोमा चन्द्रपुर न.पा. वडा नं. १० बक्तौरा टोल बस्ने वर्ष २५ को राजिव साहले साईकलमा साल गोलिया थान २ को ३.२५ क्यू.फिट काठ लोड गरी लगिरहेको अबस्थामा फेलापारी आवश्यक कारवाहीको लागी पेश गरेका छौ भनी फरेष्टर श्री सहेन्द्र झा समेतको प्रतिवेदन प्राप्त हुन आएकोले जाँचबुझ तथा अनुसन्धान कार्यको लागी स.व.अ. श्री बिमल कुमार ठाकुरलाई खटाईएको ।
- जंगलसहिया सब डि.व.का.का वन कर्मचारीहरु र वन हेरालुहरु समेतको संयुक्त गस्ती टोली मिति २०७८/२/१७ गते राती करिब २:०० बजेको समयमा गस्ती गर्दै जाँदा र मिति २०७८/२/१८ गते राती १०:०० बजेको समयमा सशस्त्र सुरक्षा वल टोलीले गस्ती गर्दै जाँदा